नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६८ २०७८ साल माघ १९ गते बुधवार (2 Feb. 2022 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : शोषण, उत्पीडन, भेदभावविरुद्धविरुद्ध.. ३ पृष्ठमा : भ्रष्ट्राचार नियन्त्रणमा सरकार.. ३ पृष्ठमा : विश्वविद्यालय खोल्ने...

## १२ देखि १७ बर्ष उमेर समुहलाई कोभिड १९ बिरुद्धको मोर्डन खोप लगाईदै



**चन्दनकुमार यादव**
**राजविराज, १८ माघ ।**

सप्तरीमा मंगलबारदेखी १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोभिड १९ विरुद्धको खोप लगाउने कार्य सुरू गरिएको छ। ती उमेर समूहका बालबालिकाहरुलाई जिल्लाको विभिन्न बिद्यालयहरूमा कोभिड विरुद्धको खोप लगाउन सुरु गरिएको हो ।

१७ वर्ष मुनी उमेर समूहका बालबालिकालाई सम्बन्धित स्थानीय तहले तोकेका विद्यालय वा स्वास्थ्य संस्थामा खोप कार्यक्रम सुरू गरिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

मंगलवारदेखी ९ वटा स्थानिय तहका सबै विद्यालयहरूमा खोप केन्द्र राखेर तीन दिनसम्म खोप लगाउने तालिका रहेको उनले बताउँदै उनले यसअघि बिष्णुपुर गाउपालिका र अग्नीसाईर कृष्णासवरण गाउपालिकामा ५ हजार बालवालिकाहरूलाई मोडर्न खोप लगाईसकेको जानकारी दिए ।

राजविराज, सप्तकोशी, सुरुङ्गा, हनुमाननगर कंकालिनी र खडक नगरपालिका तथा तिलाठी कोइलाडी, तिरहुत र अग्नीसाइर कृष्णसवरण गाउँपालिकामा १८ गतेदेखि २० गतेसम्म खोप लगाइदैछ ।

त्यस्तै, शम्भुनाथ, डाक्नेश्वरी र बोदे बरसाइन नगरपालिका तथा रुपनी, विष्णुपुर, छिन्नमस्ता, राजगढ र बलान विहुल गाउँपालिकामा १९ गतेदेखि २१ गतेसम्म खोप लगाउने तालिका रहेको स्वास्थ्य कार्यालयको सूचनामा उल्लेख छ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार सप्तरीमा ८२ हजार बालवालिकाहरूलाई मोर्डन खोप लगाउने लक्ष्य रहेकोमा हालसम्म ७९ हजार २ सय खोप आईसकेको स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

## विभिन्न मुद्दामा फरार ९ प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरी प्रहरीले विभिन्न मुद्दामा फरार ९ जना प्रतिवादीहरुलाई पक्राउ गर्न सफल भएको छ।

पक्राउ पर्नेहरुमा ६ जना कर्तव्य ज्यान तथा तीन जना लुटपिट मुद्दाका फरार प्रतिवादीहरु रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसरी पक्राउ पर्नेहरुमा कर्तव्य ज्यान मुद्दाका सप्तरीको राजगढ गाउँपालिका वडा न.६ बस्ने राम किसुन खंग, शिव देव खँग, गर्भी खंग, राम सेवक खंग, हरी किसुन खंग र लोचन खंग रहेका छन् ।

यसैगरि लुटपिट मुद्दाका फरार प्रतिवादीहरु सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा न.२ बस्ने दयावती बि.क., बिरेन्द्र बि.क. र दुलारी देवी बि.क. रहेका छन् ।

फरार रहेका प्रतिवादीहरुलाई पक्राउ गर्ने अभियान अन्तर्गत पक्राउ परेका सबै जनालाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराई जरिवाना असुल गराइने प्रहरीले जनाएको छ ।

पक्राउ परेका कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीहरुबाट ५ सय र लुटपिट मुद्दाका प्रतिवादीहरुबाट रु. २१ र ५० जरिवाना असुल गराइने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## आज देशभर सोनाम ल्होसारको बिदा

काठमाडौं, १८ माघ (रासस)।

नेपाल सरकारले यही माघ १९ गते बुधवार देशभर सोनाम ल्होसारका अवसरमा सबै सरकारी कार्यालय र सार्वजनिक संस्थाहरूमा बिदा दिएको छ।

गृह मन्त्रालयका उपसचिव वसन्त भट्टराईले मंगलबार विज्ञप्ति जारी गरी मन्त्रिपरिषद्बाट यही माघ १७ गतेको निर्णय अनुसार बिदा दिइएको जनाउनुभएको छ।

## साबुन फैक्ट्रिमा आगलागि हुँदा ५० लाख बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

राजविराज नगरपालिका वडा नं. ७ स्थित एक साबुन फैक्ट्रीमा मंगलबार दिउँसो आगलागि हुँदा अन्दाजी ५० लाख मुल्य बराबरको क्षति भएको छ।

राजविराज ७ स्थित माँ छिन्नमस्ता साबुन फैक्ट्रीमा अचानक बिधुतीय लाईन सर्ट भई आगलागी हुँदा उक्त मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्लाको बोदेबरसाईन नगरपालिका ३ बस्ने सुनिल कुमार साह र सोही नगरपालिका ६ बस्ने प्रमोद कुमार साहको संयुक्तमा संचालन रहेको साबुन फैक्ट्रीमा आगो लाग्दा १ हजार २ सय कार्टुन तयारी कपडा धुने साबुन र एक हजार बोरा तयारी सर्फ जली पुर्ण रुपमा नष्ट भएको प्रहरीले जनाएको छ।

आगोलाई प्रहरी, स्थानियवासी, तालिम केन्द्र राजविराज सप्तरीको दमकल, राजबिराज नगरपालीको दमकल समेतको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

## व्यवस्थापन समिति गठनको माग गर्दै रिले अनसन




**बिरेन्द्रकुमार मण्डल**
**राजविराज, १८ माघ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ महुकी पत्थरगाडास्थित एसएलपी माविमा विद्यालय व्यवस्थापन समिति गठन नगरेको भन्दै मंगलबारदेखी अभिभावकहरु

*बाँकी अन्तिम पृष्ठमा*

## आवश्यक्ता

उपरोक्त सम्बन्धमा यस संघको कार्यसमितिको मिति २०७८/१०/१४ गतेको निर्णयानुसार यस संघमा देहायमा उल्लेखित पदहरु अस्थायी पदपूर्ती गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित विवरणसहित तोकिएको समय भित्र आवेदन दिन यो विज्ञापन प्रकाशित गरिएको छ।

**१. विज्ञापन नं. ०१/२०७८/७९ लेखा अधिकृत (पद १ (एक)**
शैक्षिक योग्यता १. बिबिए उत्तिर्ण र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।

**२. विज्ञापन नं. ०२/२०७८/७९ लेखापाल (पद १ (एक)**
शैक्षिक योग्यता १. प्रमाणपत्र तह उत्तिर्ण (प्लस २ व्यवस्थापन) गरेको र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

**३. विज्ञापन नं. ०३/२०७८/७९ कार्यालय सहायक (पद २ (दुई)**
शैक्षिक योग्यता १. एसएलसी/एसइई उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी अनुभव
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

४. आवेदन दस्तुर रु. १०००/- (रु. एक हजार मात्र)
५. आवेदन दिने स्थान र समय : सप्तरी उद्योग बाणिज्य संघ, राजविराजको सचिवालयमा, विदा दिन बाहेक बिहान १०:०० बजेदेखी ५:०० बजेसम्म
६. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु
(क) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
(ग) अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(घ) पासपोर्ट साइजको फोटो २ (दुई) प्रति
(ङ) अतिरिक्त शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(च) आवेदन दस्तुर बुझाएको एक प्रति रसिद
७. आवेदन फर्म रु. ५०/- तिरी संघको सचिवालयबाट प्राप्त गर्न सकिने छ ।
८. दरखास्त दिने अन्तिम मिति : २०७८/१०/२९ गते कार्यालय समय सम्म ।
९. सम्पर्क मिति : २०७८/११/०५ गते दिउँसो १२:०० बजेदेखी ५:०० बजेसम्म ।
१०. परिक्षाको किसिम : मौखिक, अन्तरवार्ता
११. अन्तरवार्ताको समय सम्पर्क मितिमा तोकिने छ ।
१२. तलब : आपसि सहमतिमा

**पदपूर्ती समिति**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

## सम्पादकीय

# बसपार्क निर्माणमा तदारुकता देखाऊ

राजविराजवासीको वर्षौंदेखीको बसपार्क निर्माणको चाहना अहिले अन्यौलमा परेको छ । कुनै न कुनै बहानामा बसपार्क निर्माणमा ढिलाई भइरहेको छ । कहिले जग्गा विवाद त कहिले ठेकेदारको लापरवाही त कहिले डिपिआर अनुसार काम नभएको भन्दै बसपार्क निर्माणमा ढिलाई भइरहेको छ ।

हाल बसपार्क निर्माणका लागि दबाब दिने उद्देश्यले निर्माण भएको संघर्ष समितिले बसपार्क डिपिआर भित्र व्यक्तिगत प्रयोजनका लागि नाला निर्माण र सडक बनाउने कार्य भईरहेको भन्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् । डिपिआर भित्र सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुख सचिन्द्र कुमार देवले आफ्नो घर प्रयोजनको लागि नाला निर्माण कार्य गर्न लागेको आरोप समेत लगाए । यस्तै बसपार्क भित्र अतिक्रम हुन लागेको जग्गाको संरक्षण गर्नुको साथै बसपार्कको वरिपरी घेरबेर गर्नुपर्ने माँग समेत गऱ्यो संघर्ष समितिले ।

यता राजबिराज नगरपालिकाले बसपार्क भित्र अतिक्रमण गरी बनाएको घरहरू समेत हालसम्म हटाउन सकेको छैन भने बसपार्कको घेरबेर गर्न आलटाल गरिरहेका छन् । यसरी बसपार्क निर्माणका क्रममा आइरहेको बाधा अड्चनलाई हटाउन नगरपालिकाले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तर, यस्तो भइरहेको छैन् । बसहरु नगरको विभिन्न सडकहरुमा जथाभावी रुपमा पार्किङ भइरहेका छन् । जसले कुनै बेला पनि दुर्घटना निम्त्याउनुका साथै नगरलाई अव्यस्थित गरिरहेको छ ।

तसर्थ बसपार्कलाई अब ढिलो नगरिकन निर्माण कार्य सम्पन्न गराउनतर्फ नगरपालिकाले ठोस कदम उठाउनुपर्छ । जसले गर्दा नगर व्यवस्थित हुनुका साथै जथाभावी पार्किङका कारण आउने समस्या समेत समाधान हुनेछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# शोषण, उत्पीडन, भेदभावविरुद्धविरुद्ध प्रेस संगठन

काठमाडौँ, १८ माघ (रासस) ।

समाजवादी प्रेस सङ्गठन नेपालले शोषण, दमन, उत्पीडन, भेद्भावविरुद्धका मुद्दा सशक्तरूपमा उठाउने नीतिगत व्यवस्था अवलम्बन गरेको छ । सङ्गठनले विचार एवं समाचारका माध्यमबाट स्वाधिन र समुन्नत नेपाल निर्माण गरी समाजवाद स्थापना गर्ने सङ्कल्पसहितको आन्तरिम विधान निर्माण गरेको हो ।

विभिन्न १० परिच्छेद तथा पाँच अनुसूची रहेको विधानले देशभर प्रदेश, जिल्ला, शाखा, प्रतिष्ठान, एशोसिएट विस्तार गर्न सकिने सङ्गठनलाई आवश्यकतानुसार विदेशमा पनि शाखा विस्तार गर्न सकिने विधानमा बढीमा १५१ सदस्यीय कार्यसमितिको व्यवस्था छ । केन्द्रीय सचिवालय केन्द्रीय समितिको एकतिहाइ रहनेछ । केन्द्रीय कार्यालय, सचिवालयको एकतिहाइ हुनेछ । अध्यक्ष र महासचिवसहित १७ सदस्यीय केन्द्रीय कार्यालय रहनेछ एक संयोजकसहित पाँच सदस्यीय केन्द्रीय अनुशासन आयोग हुनेछ । त्यसैगरी एक संयोजकसहित पाँच सदस्यीय केन्द्रीय लेखा आयोग हुनेछ । सङ्गठनमा योगदान गरेका अग्रज पत्रकारलाई समेटेर एक सल्लाहकार समिति गठन गरिनेछ ।

सङ्गठनका अध्यक्ष शम्भु श्रेष्ठले पत्रकारिता क्षेत्रलाई सत्य, तथ्य सूचनाका माध्यमबाट सामाजिक न्यायका पक्षमा केन्द्रित गर्ने लक्ष्य लिइएको बताउँदै विधानले मुलतः समाजमा भेद्भाव र उत्पडीनमा परेका समूहका मुद्दालाई समाचारका रूपमा बाहिर ल्याउने र पत्रकारको पेशागत हकहित र अधिकारका क्षेत्रमा क्रियाशील रहने विषय प्राथमिकतामा राखेको बताउनुभयो ।

सङ्गठन विभाग, नीति तथा योजना विभाग, महिला विभाग, समावेशी विभाग, प्रचार तथा प्रकाशन विभाग, आर्थिक विभाग, प्रशिक्षण विभाग, विदेश विभाग, सरकारी सञ्चारमाध्यम समन्वय विभाग, मोर्चा तथा जनसङ्गठन समन्वय विभाग, रेडियो तथा युटचुब र टेलिभिजन (प्रसारण) समन्वय विभाग, छापा माध्यम समन्वय विभाग, मोफसल तथा साना लगानी मिडिया समन्वय विभाग, पत्रकार महासङ्घ तथा अन्तरसङ्गठन समन्वय विभाग र अनलाइन समन्वय विभागको व्यवस्था गरिएको छ । विभागको गठन कन्द्रीय सचिवालयले गर्नेछ । सङ्गठनको भौगोलिक र गैरभौगोलिक गरी नौवटा संरचना र समिति हुनेछन् । जसमा संविधानबमोजिमका सात भौगोलिक प्रदेश संरचना तथा समिति र उपत्यकामा रहेका ठूला सञ्चारगृहमा रहेका शाखा र विभिन्न एशोसिएट शाखा समावेश रहेको एउटा गैरभौगोलिक प्रदेश हुनेछ ।

विधानमा बाधा-अड्काउ फुकाउन सक्ने व्यवस्था छ, जसमा मुलुकको संविधान संशोधन भई राज्य पुनःसंरचना वा अन्य कुनै कारणले सङ्गठनात्मक स्वरुपमा परिवर्तन गर्नुपर्ने भएमा यो विधान बाधक नमानिने उल्लेख छ । त्यस्तो अवस्थामा आगामी केन्द्रीय विधान अधिवेशनबाट अनुमोदन गर्ने गरी केन्द्रीय समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

आगामी फागुन ७ गते काठमाडौँमा गर्न लागिएको राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्नका लागि सङ्गठनका महासचिव भुपराज खडकाको संयोजकत्वमा गठित समितिले संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रता, विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायत नागरिक अधिकारलाई अक्षुण राखी जनताको सूचना पाउने अधिकारलाई आत्मसात गर्ने गरी विधान निर्माण गरेको हो । जनपक्षीय, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकास, नेपालको संविधानप्रति पूर्ण प्रतिबद्ध तथा अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकार, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पक्षमा दृढतापूर्वक कलम चलाइरहेका प्रगतिशील श्रमजीवी पत्रकारलाई सङ्गठित गरी उनीहरूको पेशागत हकहित, श्रम अधिकारको संरक्षण र संवर्द्धन गर्न विधान केन्द्रित छ ।

सङ्गठनलाई एक अविच्छिन्न उत्तराधिकारवाला, सङ्गठित, गैर-नाफामूलक तथा गैरसरकारी सामाजिक तथा वैचारिक सङ्गठनका रूपमा व्यवस्था गरेको छ । यस सङ्गठनले आफ्नो उद्देश्यबाहेक आयआर्जन गर्ने छैन । आमसञ्चारका माध्यमसँग आवद्ध यस विधानबमोजिम तोकिएको योग्यता पुगेको समाचार सङ्कलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्योमरा पर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रव्यदृश्य सम्पादक एवं स्वतन्त्र पत्रकारलाई सङ्गठित गर्ने व्यवस्था छ ।

देश तथा विदेशमा सञ्चालित पत्रपत्रिका, रेडियो, टेलिभिजन, समाचार एजेन्सी र समाचार तथा समाचारमूलक कार्यक्रम उत्पादन तथा अनलाइन सेवाजस्ता आमसञ्चारमाध्यमलाई समावेश गरिएको विधानमा केन्द्रीय महाधिवेशन, प्रादेशिक, जिल्ला शाखा, विदेश शाखा वा स्थानीय तहका अधिवेशनको व्यवस्था गरिएको छ । वार्षिक साधारणसभा र विशेष साधारणसभाको व्यवस्था गरिएको छ । केन्द्रीय समितिले तीन वर्षमा केन्द्रीय महाधिवेशन गराउनेछ । केन्द्रीय महाधिवेशन सर्वोच्च निकाय हुनेछ । विभिन्न समितिका पदाधिकारीको व्यवस्था गरिएको विधानअन्तर्गत बन्ने नियम, विनियम, केन्द्रीय समितिद्वारा विधानबमोजिम गठित समितिलाई सचिवालय, प्रदेश, जिल्ला, शाखाको व्यवस्था गरिएको छ । प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी सङ्गठनको एउटा छुट्टै छाप र चिन्ह राखिएको छ ।

नेपाली आम सञ्चारमाध्यम र स्वतन्त्र रुपले कार्यरत जनपक्षीय, श्रमजीवी र व्यावसायिक पत्रकारलाई सङ्गठित गर्न विधानले मार्गप्रशस्त गरेको सङ्गठनका उपाध्यक्ष शन्तराम बिडारीले विचार व्यक्त गर्नुभयो । श्रमजीवी पत्रकारको हक, अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने, जनताका न्यायपूर्ण सङ्घर्षको पक्षमा दृढ्तापूर्वक संलग्न रहने गरी विधानले समावेशी सिद्धान्तका साथै अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गरेको उहाँले बताउनुभयो ।

सत्य, तथ्यपरक सूचना समाचारको माध्यमबाट पत्रकारिताको विकासमा सहयोग पुऱ्याउँदै मानवअधिकार र वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्ण बहालीका निम्ति कार्यरत रहने, स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, लोकतान्त्रिक मूल्य-मान्यता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने पक्षमा सक्रिय, निष्पक्ष र निर्भिक पत्रकारितालाई सघाउने, सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने, नेपाल पत्रकार महासङ्घलगायत अन्तर्राष्ट्रिय क्षेत्रमा समान उद्देश्य रहेका प्रेस र अन्य संस्था र सङ्गठनसँग मित्रवत सम्बन्ध र सहयोग कायम राखी सहकार्य गर्ने, जनपक्षीय संस्कृति विकासको पक्षमा यथार्थ सूचना र क्रान्तिकारी विचार प्रवाह गर्ने विषयलाई विधानमा समावेश गरिएको छ ।

पत्रकारितासम्बन्धी अध्ययन, अनुसन्धान, सभा, सम्मेलन, महाधिवेशन, गोष्ठी, भ्रमण, तालिम, प्रशिक्षण समन्वयलगायतका कार्य गर्ने, समाजको प्रगतिशील परिर्वतन र रुपान्तरण गर्दै समाजवाद स्थापनाको बाटोमा लाग्न उत्प्रेरित र मार्गदर्शन गर्ने पुस्तक, जर्नल र सञ्चार सामग्रीको उत्पादन र वितरण गर्ने, पत्रकारको क्षमता र सीप अभिवृद्धिका लागि विभिन्न तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने अर्को विशेषता छ । श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीको पेशागत हक, अधिकारको निम्ति ट्रेड युनियन अधिकारका लागि पहलकदमी र नेतृत्व लिने विषयलाई प्राथमिकतामा राखिएको छ ।

साधारण, संस्थापक र मानार्थ सदस्य गरी तीन प्रकारका सदस्यको व्यवस्था गरिएको विधानमा सक्रिय पत्रकारितामा एक वर्षदेखि क्रियाशील रहेका पत्रकार तथा सञ्चारकर्मी सङ्गठनको साधारण सदस्य बन्न सक्ने भए पनि महिला, दलित, आदिवासी जनजाति, मधेसी, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रका हकमा छ महिनाको अनुभव प्राप्त पत्रकार साधारण सदस्य हुनसक्ने व्यवस्था छ ।

सङ्गठन स्थापना भएको मितिमा सङ्गठनमा आवद्ध सम्पूर्ण सदस्यलाई संस्थापक सदस्यका रूपमा राखिएको छ । संस्थापक सदस्यले विधानमा उल्लेख भएबमोजिमको शुल्क बुझाई साधारण सदस्यता प्राप्त गर्नसक्ने व्यवस्था छ । मानार्थ सदस्यता प्रदान गर्न केन्द्रीय महाधिवेशन, प्रादेशिक अधिवेशन वा वार्षिक साधारणसभामा कार्य समितिले पेश गरेको प्रस्ताव पारित भएमा त्यस्तो व्यक्तिलाई मानार्थ सदस्यता दिइनेछ । मानार्थ सदस्यलाई साधारणसभा वा महाधिवेशनमा मतदानको अधिकार दिइएको छैन । सदस्यतामा विवाद उत्पन्न भएमा केन्द्रीय समितिले छानबिन गर्न सक्ने महासचिव खडकाले जानकारी दिनुभयो । यसरी छानबिन गर्दा योग्यता नपुगेकालाई सदस्यता दिइएको वा योग्यता हुँदाहुँदै सदस्य बन्नबाट बञ्चित गरिएको पाइएमा त्यस्तो शाखा वा एशोसिएट संस्था वा त्यस कार्यमा संलग्न पदाधिकारी वा सदस्यउपर छानबिन गर्न सकिनेछ । महासचिव खडकाका अनुसार विधानको मस्यौदामा आवश्यक सुझाव सङ्कलन गर्ने उद्देश्यले यही माघ २२ गतेभित्र सुझाव पठाउन सरोकार पक्षलाई पत्राचार गरिएको छ ।

# हुबहु सार्ने पत्रपत्रिकालाई काउन्सिलले गऱ्यो कारबाही

काठमाडौँ, १८ माघ (रासस) ।

प्रेस काउन्सिल नेपालले सामाचार सामग्री हुबहु सार्ने पत्रपत्रिकालाई कारबाही गरेको छ । काउन्सिलले पछिल्लो वर्षको वर्गीकरणमा ३४ वटा पत्रपत्रिकाले हुबहु सारेको भन्दै वर्गीकरण प्रक्रियाबाटै हटाउने निर्णय गरेको हो ।

दुई आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को पत्रपत्रिका वर्गीकरण नतिजा सार्वजनिक गर्दै काउन्सिलले पत्रपत्रिका वितरण संपरीक्षण समितिको प्रतिवेदनका आधारमा वर्गीकरण नतिजा प्रकाशन गरिएको विज्ञप्तिमार्फत जनाएको छ ।

विभिन्न कारणले देशभरका पत्रपत्रिकाको वर्गीकरण झण्डै तीन वर्षदेखि सार्वजनिक हुनसकेको थिएन । नतिजाअनुसार आव २०७५/७६ को वर्गीकरणका लागि आवेदन दिने ८८३ (प्रदेशस्तर १६६, राष्ट्रियस्तर १६५, स्थानीयस्तर ५५२) पत्रपत्रिकामध्ये 'क' वर्गमा २१९ पत्रपत्रिका वर्गीकृत भएका छन् ।

यस्तै 'ख'मा ४७६ पत्रपत्रिका, 'ग' मा १३७ पत्रपत्रिका र 'घ' वर्गमा १५ पत्रपत्रिका वर्गीकृत भएका छन् । वर्गीकरण भएकामध्ये १७९ दैनिक पत्रिका, तीन अर्धसाप्ताहिक पत्रिका र ५०१ साप्ताहिक पत्रिका वर्गीकृत भएका छन् । यस्तै ११ पाक्षिक, ७३ मासिक पत्रिका, सातवटा द्वैमासिक पत्रिका र छवटा त्रैमासिक पत्रिका वर्गीकृत छन् । ५८ वटा साहित्यिक र नौवटा भाषाभाषीका पत्रिका पनि वर्गीकरणमा परेका छन् ।

तोकिएअनुसार कागजात नपुगेका ११ र पत्रकार आचारसंहिता पालनामा जिम्मेवार नदेखिएका २५ वटा पत्रपत्रिका हुबहु रहेका छन् । ती पत्रपत्रिकाको वर्ग कायम गरिएको छैन । त्यस्तै

*बाँकी तीन पृष्ठमा*

# भ्रष्ट्राचार नियन्त्रणमा सरकार प्रतिबद्ध : प्रधानमन्त्री

काठमाडौँ, १८ माघ (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले भ्रष्ट्राचार नियन्त्रण गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार राष्ट्रिय सतर्कता केन्द्रको वार्षिक प्रतिवेदन बुझ्दै प्रधानमन्त्री देउवाले भ्रष्ट्राचार नियन्त्रणका लागि केन्द्रले चालेका कदमप्रति सरकारको सदैव साथ रहने बचन दिनुभयो। उहाँले भ्रष्ट्राचार नियन्त्रणका लागि केन्द्रले सरकारलाई दिएको सुझावको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विश्वास दिलाउनुभएको सतर्कता केन्द्रका उपसचिव एवं सूचना अधिकारी हरिप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो।

केन्द्रका सचिव सुशीलचन्द्र तिवारी नेतृत्वको प्रतिनिधिमण्डलले आव २०७७/७८ को १९औँ वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गरेको हो। प्रतिवेदनमा केन्द्रले आर्थिक वर्षमा गरेका मुख्य काम कारबाहीबारे उल्लेख गरिएको छ। केन्द्रद्वारा आव २०७७/७८ मा सम्पादन भएका कार्य र भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा नेपाल सरकार समक्ष प्रस्तुत गरिएका सुझावसमेत समावेश गरी राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियमबमोजिम प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश गरिएको केन्द्रले विज्ञप्तिमार्फत जनाएको छ।

प्रतिवेदनमा चार परिच्छेद रहेका छन्। परिच्छेद १ मा सतर्कता केन्द्रको परिचय अन्तर्गत संस्थागत विकासक्रम केन्द्रको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार, सङ्गठन संरचना तथा जनशक्ति, सुशासन कायम गर्न भएका नीतिगत व्यवस्था तथा प्रयासहरू समावेश गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०७७ /७८ मा केन्द्रबाट सम्पादन भएका प्रमुख कार्य समेटिएको छ। परिच्छेद ३ मा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा नेपाल सरकार समक्ष प्रस्तुत गरिएका सुझाव र परिच्छेद ४ मा उपसंहार राखिएको छ।

**५९४ वटा उजुरी फछर्यौट**

सतर्कता केन्द्रले उजुरी व्यवस्थापनतर्फ २०७७ /७८ मा ५२० वटा उजुरी प्राप्त भएको र आर्थिक वर्ष २०६६ /७७ बाट जिम्मेवारी सरी आएका ३२४ वटा उजुरी गरी जम्मा ८४४ वटा उजुरी रहेकामा तीमध्ये ५९४ वटा उजुरी फछर्यौट गरिएको जनाएको छ। फछर्यौट उजुरीमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएका ५०, सुझाव, निर्देशन, सर्तक र ध्यानाकर्षण गराइएका १३८ र अन्य तामेलीमा गएका (छानबिन, प्रतिक्रिया आदिबाट कसुर प्रमाणित हुन नसकेका) ४०६ वटा उजुरी रहेका छन्।

सार्वजनिक संरचनाको विकास निर्माण नियम सम्मत, गुणस्तरीय र दिगो होस् भन्ने उद्देश्यले निर्माणका विभिन्न चरणमा प्राविधिक परीक्षण गर्ने गरिन्छ। यसका लागि प्रयोगशाला समेत तयार भई उपकरण जडान एवं आवश्यक उपकरण खरिद एवं जडान सम्पन्न भएको छ। आर्थिक वर्ष २०७८/७९ को मध्यावधिसम्ममा उपकरण क्यालिब्रेसन गरी सञ्चालनमा ल्याइने जनाइएको छ।

राष्ट्रिय गौरवका तीन वटा अन्य आयोजनातर्फ १५ वटा र समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना तर्फ ६ वटा गरी जम्मा २४ वटा आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको सतर्कता केन्द्रले जनाएको छ। विकास आयोजनाको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न २५ जनालाई २१ दिने प्राविधिक परीक्षण तालिम समेत प्रदान गरिएको छ।

यस्तै सार्वजनिक निकायका पदाधिकारी, कर्मचारीले हरेक आवमा प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने सम्पत्ति विवरणसहितको अनुगमन गर्नु केन्द्रको अर्को प्रमुख कार्य रहेको छ। समयभित्रै सम्पत्ति विवरण बुझाउने पदाधिकारी कर्मचारीको सङ्ख्या आव २०७५/७६ मा ९७.१९ प्रतिशत रहेकोमा आव २०७६/७७ मा यो सङ्ख्यामा वृद्धि भई ९७.२८ पुगेको छ।

केन्द्रको काम, कर्तव्य तथा अधिकारलाई भ्रष्टाचार निवारण ऐन (कार्य सञ्चालन) नियमावली, २०६५, भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजनाले व्यवस्थित गरेको छ। केन्द्रले प्रमुख कार्यको रूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्य गर्दै आएको छ।

भ्रष्टाचार विरुद्धको जनचेता जगाउने र भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने उद्देश्यले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम विसं २०५९ साउन २७ गते राष्ट्रिय सतर्कता केन्द्र स्थापना भएको थियो।

## हुबहु सार्ने ...

आव २०७६/७७ को वर्गीकरणका लागि आवेदन दिने ८७८ (प्रदेशस्तर १६९, राष्ट्रियस्तर १४९, स्थानीयस्तर ५६०) पत्रपत्रिकामध्ये 'क' वर्गमा २३९ पत्रपत्रिका वर्गीकृत भएका छन्।

यस्तै 'ख'मा ४३१ पत्रपत्रिका, 'ग'मा १६३ पत्रपत्रिका, वर्गीकरण भएका छन्। 'घ' वर्गमा कुनै पनि पत्रपत्रिका वर्गीकरण गरिएका छैनन्। वर्गीकरण भएकामध्ये १८० दैनिक पत्रिका, दुई अर्धसाप्ताहिक पत्रिका र ४८६ साप्ताहिक पत्रिका छन्। यस्तै १२ पाक्षिक, ७३ मासिक पत्रिका, छवटा द्वैमासिक पत्रिका र आठवटा त्रैमासिक पत्रिका वर्गीकृत छन्। ५७ वटा साहित्यिक र नौवटा भाषाभाषीका पत्रिका पनि वर्गीकरणमा परेका छन्।

तोकिएअनुसार कागजात नपुगेका ११ र पत्रकार आचारसंहिता पालनामा जिम्मेवार नदेखिएका ३४ वटा पत्रपत्रिका हुबहु रहेका छन्। ती पत्रपत्रिकाको वर्ग कायम गरिएको छैन। काउन्सिलले नतिजामा चित्त नबुझे नतिजा सार्वजनिक भएको १५ दिन र दोब्बर दस्तुरसहित थप सात दिनसम्म सुरुमा निवेदन दिँदाको दस्तुरको २५ प्रतिशत दस्तुरसहित पुनःयोग/पुनःमूल्याङ्कनका लागि निवेदन दिन सकिने जनाएको छ। पत्रपत्रिका वर्गीकरणको नतिजा प्रेस काउन्सिल नेपालको वेबसाइट र फेसबुक पेजमा समेत राखिएको छ।

पत्रकारितामा पछिल्लो समय आचारसंहिता उल्लङ्घनका घटना बढिरहेको काउन्सिलले जनाएको छ। कतिपय सञ्चारमाध्यमले गैरजिम्मेवार भई समाचार सम्प्रेषण गर्ने, हुबहु गर्ने, जथाभावी अडियो तथा भिडियो बनाई सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने गरेको सम्बन्धमा काउन्सिलमा उजुरी बढेको विज्ञप्तिमा उल्लेख छ।

काउन्सिलले यसतर्फ गम्भीर भई स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री प्रेस काउन्सिल नेपालको नाराअनुसार आचारसंहिताको पूर्णपालना गर्न सम्पूर्ण पत्रकार तथा सञ्चारमाध्यमलाई आग्रह गरेको छ।


**राजविराज नगरपालिका**
**९ नं. वडा कार्यालय**
**राजविराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**प.स. :- २०७८/०७९** **मिति- २०७८/१०/१८**
**च.न. :-**

**विषय : उपभोक्ता समिति गठन सम्बन्धमा।**

राजविराज नगरपालिकाद्वारा चालु आ.व. ०७८/०७९ का लागि पारित योजनाहरु वडा सिलिङ्ग अन्तर्गत भौतिक पुर्वाधारका तपसिल बमोजिमका योजनाहरुका लागि तपसिल बमोजिमको मिति, समय र स्थानमा उपभोक्ता समिति एवं अनुगमन समिति गठन गरिने भएको हुदा उक्त मिति, समय र स्थानमा उपस्थित भई दिनु हुन योजनासँग सम्बन्धित उपभोक्ताहरु, नागरिक सचेतना केन्द्र, राजनैतिक दल, वुद्धिजिवि, पत्रकार लगायत सम्वन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| सि.न. | योजनाको नाम | बिनियोजित रकम | उपभोक्ता समिति गठन हुने स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | ससिया बाबाको अधुरो मन्दिर निर्माण कार्य | ३,५०,०००।- | वडा सदस्य रेखा देवी मण्डलको घर निर | २०७८/१०/२६ गते | बिहान ८ बजे |
| २. | नौनिया वस्तीको अधुरो नाथ बाबा मन्दिर निर्माण कार्य | २,००,०००।- | रामेश्वर नोनिया को घर निर | ०७८/१०/२७ गते | बिहान ८ बजे |
| ३. | केन्द्रिय सडक देखि गर्भी मेहता घर हुदै हरि ठाकुर घर सम्मको बाटोमा ढलान तथा नाला निर्माण कार्य | ३,००,०००।- | राजन ठाकुर को घर निर | २०७८/१०/२८ गते | बिहान ८ बजे |
| ४. | जग्दरी वस्तीको नहर निरको मदर्साको जिर्नोदार कार्य | २,००,०००।- | मदर्सा प्रांगणमा | २०७८/१०/२९ गते | बिहान ८ बजे |

**शम्भु प्रसाद यादव**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ९**


# विश्व समाचार

## विश्वविद्यालय खोल्ने तालिबानको निर्णयको स्वागत

अफगानिस्तान (काबुल), १८ माघ (रासस-एएनआई)।

अफगान विद्यार्थीले तालिवानको देशभरका सबै सार्वजनिक विश्वविद्यालय पुनःखोल्ने निर्णयको स्वागत गरेका छन्।

"यस्ता निर्णय भएकोमा हामी खुसी छौँ। सबै विद्यार्थीले आफ्नो आशा पुनःप्राप्त गरेका छन्, "एक विद्यार्थी मोहम्मद सालेहले टोलो न्यूजलाई बताएका छन्। तालिवानको उच्च शिक्षा मन्त्रालयले आइतवार घोषणा न्यानो क्षेत्रका सबै सार्वजनिक विश्वविद्यालय फेब्रअरी २ र चिसो क्षेत्रका फेब्रअरी २६ देखि खोल्ने जनाएको छ।

त्यसैगरी विश्व विद्यालय भर्ना पनि फेब्रअरी २ बाट शुरु गरिनेछ। गत भदौ मसान्तमा पूर्वसरकारको पतनपछि देशभरका सार्वजनिक विश्वविद्यालय विद्यार्थीका लागि बन्द छन्। योसँगै धेरै शैक्षिक र उच्च प्रोफाइल व्यक्तिले देश छोडेका छन्।

विश्वविद्यालयका प्रशिक्षक वर्गी खलिलले टोलो न्युजलाई भने, "उच्च शिक्षा मन्त्रालयको शैक्षिक पद्धतिमा कुनै परिवर्तन हुनु हुँदैन। हामी सकारात्मक परिवर्तन हुँदैन भनेर भन्दैनौं, तर पहिलेको पद्धतिलाई निरन्तरता दिनुपर्छ।"

यसअघि इस्लामिक इमिरेट्सले पुरुष र महिला विद्यार्थीलाई छुट्ट्याउने योजना बनाएको बताएको थियो। सामुदायिक विद्यालयमा छैठौं कक्षासम्म मात्र केटीलाई पढ्न अनुमति दिइएको छ। अगस्टको मध्यमा तालिबानले कब्जा गरेपछि, अफगानिस्तानका अधिकांश भागमा केटीलाई कक्षा सातभन्दा माथि विद्यालयमा फर्कन अनुमति दिइएको छैन। बालिका विद्यालय बन्द भएपछि देशभित्र र अन्तरराष्ट्रिय समुदायबाट तीव्र आलोचना भएको छ।

यसैबीच, स्कूलबाट बाहिर रहेका धेरै छात्राले इस्लामिक इमिरेट्सले आफ्नो वाचा पूरा गर्नुपर्ने र नयाँ वर्षमा विद्यालय पुनःखोल्ने बताएक छन्।

## रुसले अमेरिकी प्रतिबन्धको धम्कीको सामना गर्ने, पछि नहट्ने

मस्को, १८ माघ (रासस-एएफपी)।

शीर्ष अमेरिकी र रुसी कूटनीतिज्ञबीचको फोनवार्ता अघि मस्कोले युक्रेनका विषयामा अमेरिकी प्रतिबन्धको धम्कीको सामना गर्ने र पछि नहट्ने वासिङ्टनस्थित रुसी दूतावासले मंगलबार जनाएको छ। "अमेरिकी प्रतिबन्धको धम्की सुनेर हामी पछि हट्ने र चुप लाग्ने छैनौं, "दूतावासले फेसबुकमा लेखेको छ," यो तनाव उत्पन्न गर्ने मस्को होइन, वाशिंगटन हो।

## भारतमा कोरोना भाइरसबाट एक लाख ६७ हजारभन्दा बढी सङ्क्रमित

नयाँदिल्ली, १८ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसका कारण थप एक ६७ हाजारभन्दा बढी सङ्क्रमित भएका छन्। भारतमा कोरोना भाइरसबाट अहिलेसम्म चार करोड १४ लाख ६९ हजार ४९९ सङ्क्रमित भएका केद्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले छन।

सरकारी अधिकारीले मंगलबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक लाख ६७ हजार ५९ नयाँ सङ्क्रमित भएका हुन्। पछिल्लो एक दिनमा भारतमा एक हजार १९२को कारोना भाइरस सङ्क्रमणको कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ। यससँगै कोरोना भाइरसका कारण मृत्यु भएका कुल मृतकको सङ्ख्या चार लाख ९६ हजार २४२ पुगेको छ।

मन्त्रालयले १७ लाख ४३ हजार ५९ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेको जनाएको छ। यस अवधिमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो।

सङ्घीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा दुई लाख ५४ हजार ७६ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यसैसँगै भारतमा तीन करोड ९२ लाख ३० हजार १९८ जना कोरोना सङ्क्रमण मुक्त भएका छन्।

## नाइजेरियामा लासा ज्वरोका कारण कम्तीमा ३२ को मृत्यु

लागोस, १८ माघ (रासस/सिन्ह्वा)।

नाइजेरियामा लासा ज्वरोको प्रकोपले यस वर्षको सुरुदेखि हालसम्म कम्तीमा ३२ जनाको ज्यान गएको सरकारी अधिकारीले सोमबार जनाएको छ।

नाइजेरिया सेन्टर फर डिजिज कन्ट्रोल (एनसीडीसी)का अनुसार, पुष्टि भएका घटनाको संख्या ७४ पुगेको र सोही अवधिमा कुल ७५९ संदिग्ध घटना पनि देखिएको थियो। जनवरी २६ मा स्वास्थ्य अधिकारीले हालैको प्रकोपको प्रतिक्रियामा राष्ट्रव्यापी लासा ज्वरो आपतकालीन अपरेशन सक्रिय गरेको बताएका छन्।

एनसीडीसीले मृत्यु दर कम गर्न राज्य जनस्वास्थ्य टोलीलाई सहयोग गर्न प्रतिबद्ध रहेको बताएको छ। यो रोग नाइजेरियामा वर्षैभरि देखापर्दछ, तर सुख्खा मौसममा धेरै देखा पर्ने जनाइएको छ। यो रोगबाट गत वर्ष नाइजेरियामा कम्तीमा ८० जनाको ज्यान गएको एनसीडीसीले जनाएको छ।

# मोरङका दुई स्थानमा बर्डफ्लु संक्रमण

काठमाडौँ, १८ माघ (रासस)।

मोरङका दुई स्थानमा बर्डफ्लु सङ्क्रमण पुष्टि भएको छ। पशुसेवा विभागका अनुसार मोरङको ग्रामथान-१ खुनियाकट्टा र बूढिगङ्गा -५ मा बर्डफ्लू सङ्क्रमण पुष्टि भएको हो।

उक्त स्थानका किसानले पालेका कुखुराको नमूना केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा रियल टाइम पीसीआर विधिबाट परीक्षण गर्दा माघ १६ गते पुष्टि भएको विभागका निमित्त महानिर्देशक लेखराज दाहालले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त स्थानमा सङ्क्रमण फैलन नदिन विभागले तत्काल नियन्त्रणमा लिन सङ्घ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका घरपालुवा पक्षी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत आइतबार नै नष्ट गरिएको छ।

मन्त्रालयले पक्षी तथा पक्षीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्थास्थ्यपरीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न आग्रह गरेको छ।

यस्तै, फार्म परिसरमा जैविक सुरक्षाका विधि अवलम्बलन गर्न, पक्षीपालक किसानले फार्म परिसरमा नियमित रूपमा निःसङ्क्रमण गर्न, तथा सफाइमा ध्यान दिन, घरपालुवा पक्षीलाई जङ्गली पक्षीको सम्पर्कमा आउन नदिन हाँस तथा कुखुरालगायतका पक्षीलाई थुनेर पाल्न तथा पशुपक्षी बिक्रीस्थलमा अस्वाभाविक रूपमा पक्षी बिरामी परेमा वा मरेमा तत्काल नजिकैको पशु सेवा विभागमा सूचना गर्न आग्रह गरेको छ।

# संविधान र कानुनी दायित्वबाट सरकार पछि हट्दैन : गृहमन्त्री

काठमाडौँ, १८ माघ (रासस)।

गृहमन्त्री बालकृष्ण खाणले संविधान र कानुनको पालना गर्ने दायित्वबाट सरकार पछि नहट्ने बताउनुभएको छ।

गृहमन्त्रालयमा नेपाल निजामती कर्मचारी युनियनले मंगलबार बुझाएको ज्ञापनपत्र बुझ्दै गृहमन्त्री खाणले कानुनको पालना गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। युनियनले विभिन्न सरकारी कार्यालयमा काम गरिरहेका कर्मचारीमाथि कानुन विपरीतका कार्य भइरहेको भन्दै कारबाहीको माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।

"सरकारको दायित्व संविधान र कानुनको पालना गर्नु हो,' गृहमन्त्री खाणले भन्नुभयो, "कानुन विपरीतका काम गर्नेलाई कारबाही हुन्छ, त्यसमा हामी अनुसन्धान गरिरहेका छौँ", मन्त्री खाणले भन्नुभयो।

उहाँले राष्ट्रसेवक कर्मचारीको मानमर्दन गर्ने काम कसैबाट हुन नहुने बताउनुभयो। युनियनका केन्द्रीय अध्यक्ष गोपालप्रसाद पोखरेल नेतृत्वको टोलीले महोत्तरी, धनकुटा, कैलाली, बझाङ, पर्सा, सिन्धुपाल्चोक, सोलुखुम्बु लगायतका जिल्लामा राष्ट्रसेवक कर्मचारीमाथि भएका गैर न्यायिक घटनाका दोषीलाई कानुन अनुरुपको कारवाहीको माग गरेको थियो।

डिभिजन वन कार्यालय पहलमानपुर कैलालीका सहायक वन अधिकृत विश्वराज पण्डितलगायतमाथि भएको दुर्व्यवहारको विरोध गर्दै युनियनले कारबाहीका लागि गृहमन्त्रीको ध्यानाकर्षण गराएको हो। "असहमतिका विषय भए छलफल र कानुनी रूपमा समाधान गर्न सकिनेमा कानुन नै हातमा लिएर भएका गैर न्यायिक कार्य उपर सरकारले शान्ति सुरक्षाका लागि आफ्नो दायित्व र कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्तिः गरोस्", युनियनले गृहमन्त्रीलाई दिएको ज्ञापनपत्रमा उल्लेख छ।

# विश्व बैंकसँग रु १७ अर्ब सहुलितपूर्ण ऋण लिइने

काठमाडौँ, १८ माघ (रासस)।

नेपाल सरकारले 'फाइनान्स फर ग्रोथ डेभलपमेन्ट' का लागि विश्व बैंकसँग १५० मिलियन अमेरिकी डलर (करिब रु १७ अर्ब) को सहुलियतपूर्ण ऋण लिनका लागि वार्ता टोली गठन गरेको छ।

नेपाल सरकारको यही माघ १७ गतेको मन्त्रिपरिषद्को बैठकका मुख्य निर्णय सार्वजनिक गर्न मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिनुभएको हो। बैठकले हिमाल आरोहण दल (नेपाली सेना)का सदस्यलाई सलामी दस्तुर र धरौटी रकम छुट दिने, शिक्षक अस्पताल स्थापनाका लागि प्रक्रिया सुरु गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति दिने, यही माघ १९ गते सोनाम ल्होसारका अवसरमा नेपालभरका कार्यालयमा बिदा दिनेलगायत निर्णय गरेको पनि मन्त्री कार्कीले जानकारी दिनुभयो।

त्यस्तै मन्त्रिपरिषद् बैठकले नेपाल टेलिभिजनको अध्यक्षमा नेपाल प्रेस युनियनका पूर्व अध्यक्ष समीरजङ्ग साहलाई बढीमा चार वर्षका लागि नियुक्ति दिने, नेपाल खुल्ला विश्वविद्यालयको उपकुलपतिमा प्रा डा शिलु मानन्धरलाई नियुक्ति दिने, सरकारको सचिव पदमा सहसचिव रामेश्वर दङ्गाललाई बढुवा गर्ने, लोकसेवा आयोग तथा बढुवा समितिको सिफारिशमा विभिन्न कर्मचारीलाई राजपत्राङ्कित प्रथम श्रेणी र सो सरहको पदमा बढुवा गर्ने, कच्चा दूधको न्यूनतम् मूल्य प्रतिलिटर ५६ रुपैयाँ ४ पैसा निर्धारण गर्ने निर्णय गरेको छ।

साथै बैठकले विभिन्न मालपोत र नापी कार्यालयका लागि कार्यक्षेत्र निर्धारण पनि गरेको छ।

# बिमा समितिले गऱ्यो ११ बिमा कम्पनीलाई कारबाही

काठमाडौँ, १८ माघ (रासस)।

लेखापरीक्षण प्रतिवेदन नबुझाएका विभिन्न ११ बिमा कम्पनीलाई बिमा समितिले कारबाही गरेको छ। समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलका अनुसार आर्थिक वर्ष २०७६/७७ मा आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण प्रतिवेदन नबुझाउने बिमा कम्पनीलाई रु १० हजारका दरले जरिवाना गरिएको छ।

यसरी कारबाहीमा पर्नेमा दि ओरियण्टल इन्स्योरेन्स कम्पनी, नेशनल इन्स्योरेन्स कम्पनी, राष्ट्रिय बिमा संस्थान, राष्ट्रिय बिमा कम्पनी, नेपाल लाइफ इन्स्योरेन्स, गुराँस लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, युनियन लाइफ इन्स्योरेन्स, सन नेपाल लाइफ इन्स्योरेन्स, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स र सानिमा लाइफ छन्।

बिमा ऐन, २०४९ अनुसार बिमा कम्पनीले आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन प्रत्येक आव सकिएको मितिले १० महिनाभित्र समितिलाई बुझाउनुपर्ने व्यवस्था छ। ती बिमा कम्पनीले यही व्यवस्थाको बर्खीलाप गरेको पाइएको छ।

## व्यवस्थापन समिति ...

अनिश्चितकालिन रिले अनसनमा बसेका छन्।

अभिभावकहरुको भेलाबाट सहमतिको आधारमा व्यवस्थापन समिति गठन हुन नसक्दा चुनावी प्रक्रियाबाट व्यवस्थापन समिति चयन गर्नु पर्ने मागप्रति सम्बन्धीत निकायले अटेर गरेको भन्दै अभिभावकहरु मूलगेट अगाडी रिले अनसनमा बसेका हुन्।

मंगलबार अभिभावकहरु जयलाल यादव, रामचन्द्र महतो, सत्यनारायण ठाकुर, भुटाई खंग र श्याम यादवले रिले अनसनमा बसेका छन्।

सोही अनसनमा बसेकाहरुलाई जनमत पार्टीका वडा अध्यक्ष बसन्त साहले अबिर लगाई स्वागत गरेका थिए।

# मधेस प्रदेश नेपालको 'लाइफलाइन' हो : महाप्रबन्धक राई

जलेश्वर, १८ माघ (रासस)।

राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सिद्धराज राईले मधेस प्रदेश नेपालको 'लाइफलाइन' भएको बताउनुभएको छ। मधेस प्रदेशको राजधानी जनकपुरमा 'राससका पत्रकारहरूको अभिमुखीकरण कार्यक्रम'लाई सोमबार सम्बोधन गर्नुहुँदै उहाँले भन्नुभयो, "मधेश प्रदेश नेपालको लाइफलाइन हो, यो महत्वपूर्ण क्षेत्रको विकास निर्माण एवं अन्य गतिविधि विवेकपूर्वक तवरले गरिनुपर्छ।"

मधेस प्रदेश ठप्प भए सम्पूर्ण देश नै ठप्प हुने बताउँदै महाप्रबन्धक राईले नेपालको चौतर्फी समुचित विकास एवं समृद्धिका लागि मधेस प्रदेशको विकास एवं समृद्धि हुनु जरुरी रहेको बताउनुभयो। उहाँले मधेस प्रदेशको सरकारले चालेका 'बेटी पढाऊ, बेटी बचाऊ', 'बेटी बिमा', 'महिलालाई ५० प्रतिशत आरक्षण' लगायत कार्यक्रमको प्रशंसा गर्नुहुँदै यस्ता कार्यक्रमले प्रदेशको विकासमा टेवा पुग्ने तथा लैङ्गिक विभेदको अन्त्य हुँदै यस प्रदेशले निकट भविष्यमै हरेक क्षेत्रमा अतुलनीय फड्को मार्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले मधेस प्रदेश प्रदेशभित्रका आठवटै जिल्लाका राससकर्मीलाई मधेस प्रदेश सरकारको सकारात्मक कदमलाई प्राथमिकतामा राखेर समाचार सम्प्रेषण सुझाव दिनुभयो। आमसञ्चार प्राधिकरण मधेस प्रदेशको आयोजना तथा राष्ट्रिय समाचार समिति मधेस प्रदेशको समन्वयमा प्रदेशभित्रका आठवटै जिल्लाका राससकर्मीका लागि सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रममा आठवटै जिल्लाका करिब दुई दर्जन राससकर्मी सहभागी छन्।





अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं।

सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*